# आर्थिक वर्ष २०८३/०८४ को

# बजेट वक्तव्य

मुड्केचुला गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

नर्कु, डोल्पा

कर्णाली प्रदेश, नेपाल

२०८३

CamScanner

## गरिमामय गाउँसभाको १९ औं अधिवेशनका

## अध्यक्षज्यू,

**गाउँसभाका सदस्यज्यूहरु,**

**गाउँसभाका सचिवज्यू तथा उपस्थित सम्पूर्ण**

**महानुभावहरू एवम्**

**कर्मचारी मित्रहरु**

**हार्दिक अभिवादन !**

म यस गाउँसभाका उपाध्यक्ष भएता सभासदस्य ज्यूको अनुमतिले यो बजेट प्रस्तुत गर्न चाहान्छु ।

१. यस गरिमामय गाउँसभाको १९ औं अधिवेशनमा मुड्केचुला गाउँपालिकाको गाउँ सभाको उपाध्यक्ष एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. यस गरिममाय सभामा निरंकुश राणा शासनको अन्त्य, २०४६ सालको संयुक्त जनआन्दोलन, २०६२/०६३ को संयुक्त जनक्रान्ति लगायत गणतन्त्र स्थापनार्थ भएका विभिन्न आन्दोलनहरुमा बलिदानी दिनु हुनुभएका सम्पूर्ण ज्ञात अज्ञात शहीदप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । लोकतन्त्र, सङ्घीय गणतन्त्र स्थापना तथा कार्यान्वयनमा महत्वपूर्ण योगदान दिनुभएका सबै नागरिकहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

३. आज हामी स्थानीय सरकारको रुपमा मुड्केचुला गाउँपालिका सञ्चालनको दोस्रो कार्यकालको चौथो वर्षमा प्रवेश गरेका छौं । करिब २० वर्षको लामो समयपछि भएको स्थानीय तहको निर्वाचनसँगै नागरिकको भावना अनुसारको संघीय गणतन्त्रात्मक शासन प्रणालीलाई मजबुतताका साथ नागरिकले महसुश गर्ने गरि व्यवस्थापन गर्ने महत्वपूर्ण जिम्मेवारी स्थानीय सरकारको हो । सुशासनको प्रत्याभूति

सहित आन्तरिक आय र उपलब्धी हासिलको चुनौती तथा नागरिकको महत्वकांक्षी आशा एवम् कार्यान्वयनको विविध जटीलताहरुका बिचमा रहेर कार्य गर्नुपर्दा आर्थिक स्रोतको व्यवस्थापनले मात्रै पनि सफल स्थान बनाउन नसक्ने हुनेरहेछ । वस्तुनिष्ठ सर्वेक्षण, तथ्यांक, अध्ययन, ज्ञान तथा स्रोतहरुको पहिचान, संकलन र व्यवस्थापन सहितको सशक्त योजना निर्माण गदै नागरिकलाई विकाससँग, बजेटलाई कार्यान्वयनसँग लक्षित गर्दै लैजान सक्नुपर्दछ । त्यसैले बजेट तर्जुमाको चरणदेखि कार्यान्वयनको पक्षसम्म सुदृढताका साथ लाग्न सक्यौं भने समग्र विकासको लक्ष्य हासिल गर्न समय लाग्ने छैन भन्नेमा विश्वस्त छु ।

४. गाउँको आन्तरिक आयको बढोत्तरीमा देखिएको दवाव र चुनौतीलाई सम्बोधन गदै जनतासँग प्रत्यक्ष सम्बन्ध राख्ने आर्थिक, सामाजिक, भौतिक, साँस्कृतिक, कानूनी लगायत जनजिवीकाका सवालहरुलाई संरक्षण, प्रर्वद्धन र रुपान्तरण

गर्नेतर्फ आगामी आर्थिक वर्षको बजेट निर्देशित गरेको छ । आमगाउँवासीको विकास र सम्बृद्धिको चाहनालाई सम्बोधन गर्ने तथा आर्थिक, सामाजिक विकासमा पछाडी परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई लाभको पहुँचमा पुराउनेतर्फ बजेट तथा कार्यक्रम लक्षित गरेको छु ।

५. आगामी बजेट गुणस्तरीय स्वास्थ्य र शिक्षा, उद्यमशीलता, पर्यटनको प्रर्वद्धन लगायत सामाजिक, आर्थिक विकासतर्फ लक्षित हुनेछ । साथै, नागरिकका माग र आवश्यकता अनुरुप दिगो एंव गुणस्तरीय पूर्वाधारहरुको विकास र सम्भार गर्ने, खानेपानी, सुरक्षित सडक, स्वच्छ वातावरण, कृषि तथा पशु उत्पादन, त्यसको भण्डारण तथा समुचित बजारको व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, सार्वजनिक सम्पत्तिको जर्गेर्ना, स्थानीय श्रोत साधनको प्रभावकारी एवम् परिणाममुखी परिचालन, विभेद तथा हिंसामुक्त समाज, सेवा प्रवाहमा सुशासनको सुनिश्चितता गर्दै नियमितता

मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्यतनाको प्रत्याभूति कायम गर्ने दिशामा बजेट उन्मुख रहेको छ।

६. आर्थिक वर्ष २०८३/०८४ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, प्रचलित कानून, त आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम, संघ र प्रदेश सरकारले अवलम्बन गरेका नीति, कार्यक्रम तथा बजेट, १९ औं आवधिक योजना, कर्णाली प्रदेशको दोश्रो आवधिक योजना, दिर्घकालिन लक्ष्य, गाउँपालिकाको दीर्घकालिन सोच एवम् आवधिक योजना र राजस्व सुधार कार्ययोजनाको प्रतिवेदन समेतलाई आधार मानी तयार गरिएको छ। बजेट तर्जुमाका सिलसिलामा राजस्व परामर्श समिति, अन्य विषयगत समितिहरु, विभिन्न संघसंस्था, विद्धतवर्ग, नागरिक समुदाय लगायत सबैबाट प्राप्त सुझावलाई समेत आधार बनाएको छु।

७. मैले आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा गाउँवासीको अपेक्षालाई सम्बोधन गर्ने र सेवा प्रवाहलाई सहज, सरल,

सूचना प्रविधिमा आधारित तथा सेवाग्राहीमैत्री बनाई नागरिकमा आशा र भरोसाको संचार गर्ने जिम्मेवारी बोध गरेको छु । संघ तथा प्रदेश सरकार, जनप्रतिनिधि, राजनितीक दल, निजी क्षेत्र, संघ संस्था, नागरिक समाज, विकास साझेदार, संञ्चार जगत र आम गाउँवासीको सहयोग, समन्वय, सहकार्य र एक्यवद्धताबाट गाउँमा देखिएका विद्यमान चुनौतीको सामना गर्दै बजेटले लिएका लक्ष्य हासिल गर्न सकिने विश्वास लिएको छु ।

## आदरणीय गाउँसभा अध्यक्षज्यू एवम्‌सदस्यज्यूहरू

अब म यस गरीमामय सभा समक्ष चालु आर्थिक वर्ष २०८२/०८३ को खर्चको समग्र अवस्था सम्बन्धमा संक्षेपमा समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु:

९. चालु आर्थिक वर्ष २०८२/०८३ को लागि मुड्केचुलाँ गाउँपालिकाबाट कूल रु. ३९ करोड १२ लाख १७ हजार

बजेट विनियोजन गरिएको थियो । विनियोजित बजेटमध्ये सम्वत् २०८३ जेठ मसान्तसम्ममा ६१ प्रतिशत खर्च भएको व्यहोरा यस सम्मानित सभाको अधिवेशनलाई जानकारी गराउन चाहन्छु । गाउँपालिकाको कुल खर्च असार मसान्तसम्म ९० प्रतिशत हुने संशोधित अनुमान पेश गरेको छु ।

## आदरणीय गाउँसभा अध्यक्षज्यू एवम्सदस्यज्यूहरू

अब म गाउँको पालिकाको आन्तरिक आय र बजेट प्रणालीमा देखिएका मुख्य चुनौती तथा अवसर सङ्क्षेपमा प्रस्तुत गर्न चाहान्छु:

गाउँपालिकाअध्यक्ष लगायतका जनप्रतिनिधिज्यूहरुको सक्रिय पहलमा संघ र प्रदेश सरकारबाट प्राप्त बजेटको सदुपयोग गर्दै धेरै महत्वपूर्ण पूर्वाधार निर्माणको काम सफलतापूर्वक सम्पन्न गरेका छौं । यसका लागि म संघ

तथा प्रदेशका माननीयज्यूहरु, गाउँपालिका अध्यक्ष लगायतका जनप्रतिनिधिज्यूहरुको सार्थक पहल कदमिलाई प्रशंसा गर्दै हृदयदेखिनै धन्यवाद् दिन चाहान्छु । साथै, सडक पूर्वाधार, खानेपानी, शिक्षा, स्वास्थ्य लगायतका सामाजिक, आर्थिक एंव पूर्वाधार विकासका क्षेत्रमा भएको विकास कार्यको सफल कार्यान्वयनले स्थानिय सरकारको रुपमा गाउँपालिका प्रति आमनागरिकको भरोसा र विश्वासमा अभिबृद्धि भएको छ । तर, गाउँको बढ्दो जनसंख्या र नागरिकको अपेक्षा अनुरुपका थप सेवा सुविधा दिन अहिलेको श्रोत पर्याप्त छैन । आगामी दिनमा गाउँलाई स्मार्ट सिटिको रुपमा विकास गर्न धेरै पूर्वाधार बनाउनुपर्ने आवश्यकता छ । यसका लागि संघ र प्रदेश सरकार मार्फत ठुला योजनाहरुमा स्रोत व्यवस्थापनको पहल गरी अन्य वैकल्पिक स्रोत पहिचान गर्न जरुरी छ । यो चुनौती सामना गर्न सबै सरोकारवालाको सहकार्य आवश्यक छ ।

चालु आर्थिक वर्षमा राजस्व संकलन लक्ष्य भन्दा कम संकलन भएको हुनाले राजस्व प्रणालीमा सुधार, कर चुहावट नियन्त्रण, करको दरमा पुनरावलोकन गर्दै दायरा विस्तार गरी राजस्व परिचालन वृद्धि गर्नुपर्ने आवश्यकता महसुस गरेको छु ।

गाउँपालिकाको आन्तरिक राजस्व प्रणालीमा सबै क्षेत्रलाई करको दायरामा ल्याउन नसक्दा आर्थिक आत्मनिर्भरताको लक्ष्य भेट्टाउन सकिएको छैन । संघ तथा प्रदेश सरकारको अनुदानमा आयोजना तथा कार्यक्रम बनाई कार्यान्वयन गरिरहेको सन्र्दभमा समय समयमा अनुदान रकम कटौती गर्ने गर्दा गाउँपालिकालाई आर्थिक दायित्व बढ्दै जानाले आर्थिक श्रोतको व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ ।

पर्यटकीय दृष्टिकोणमा गाउँपालिकाको आर्कषणीय गन्तव्य तथा अपार पर्यटकिय अर्थतन्त्रको संभावना हुँदाहुदै पनि सीमित स्रोतसाधनका कारण आवश्यक पर्यटकीय पूर्वाधारको निर्माण, पर्यटकीय गन्तव्यहरुको पर्याप्त प्रचारप्रसार र पर्यटन व्यवसायीवीचको सहकार्यतामूलक वातावरणको कमी लगायतका कारण अपेक्षित रुपमा आन्तरिक र बाह्य पयर्टक भित्राउन सकिएको छैन । पर्यटन क्षेत्रलाई व्यवस्थित, प्रभावकारी र उपलब्धिमूलक बनाउने चुनौती हाम्रो सामु रहेको छ ।

उद्योग, व्यवसाय, उद्यमशिलता, रोजगारी प्रर्वद्धन गरी आर्थिक उपार्जन एंव आर्थिक विकासका कार्यलाई उत्पादनशिल बनाई गाउँको अर्थतन्त्रलाई दिगो र आत्मनिर्भर बनाउने चुनौति रहेको छ ।

१८. गाउँपालिकाको साधारण खर्चलाई वाञ्छित सीमा भित्र राख्ने र विनियोजन दक्षता तथा कार्यान्वयन कुशलता सहित संयन्त्रको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ बजेट प्रणालीमा सुधारको प्रस्ताव गरेको छु । यसबाट गाउँको प्रशासनिक खर्चलाई प्रभावकारी र उपलब्धिमूलक बनाउन सघाउ पुग्ने विश्वास लिएको छु ।

१९. माथि उल्लेखित चुनौती एवम् मुलुकको समग्र अर्थतन्त्रमा देखिएका समस्याका बाबजुद पनि गाउँपालिकाले लिएको पहलकदमीले गाउँपालिकाको अर्थतन्त्र सही दिशामा रहेको जानकारी यस गरिमामय सभालाई गराउन चाहन्छु । गाउँपालिकाले संचालन गरेका धेरै आयोजनाहरु निर्माण सम्पन्न भई भौतिक पूर्वाधारको विकासमा गाउँपालिकाको परिणाम देखिन थालेको छ । साथै, शिक्षा तथा स्वास्थ्यलाई विगतका वर्षमा गाउँपालिकाले प्राथमिकता दिई लगानी गरेकोले त्यस

क्षेत्रको सुधारमा सकारात्मक संकेतहरु देखिन थालेका छन् । गाउँपालिकाबाट लक्षित वर्ग, विभिन्न पेशा व्यवसायमा संलग्न भएका तथा नयाँ उद्यमशिलताका क्षेत्रमा कार्य गर्न चाहने इच्छुक गाउँवासीहरुलाई सीप विकासको तालिम र आवश्यक प्रविधि लगायत वस्तुको अनुदान दिई उनीहरुको क्षमता विकास मार्फत स्वरोजगारी र रोजगारीका अवसर विकास गरिएको छ जसबाट आर्थिक क्रियाकलापमा बढोत्तरी गरिदै आएको छ । आगामी दिनमा नीतिगत, प्रणालीगत तथा प्रक्रियागत सुधार गरी गाउँको अर्थतन्त्रलाई सही मार्गमा अगाडी बढाउन मुड्केचुला गाउँपालिका दृढ संकल्पित रहेको विश्वास दिलाउन चाहन्छु । साथै यिनै मुख्य चुनौती र अवसरहरुलाई मनन एवम् गाउँवासीको आवश्यकतालाई मध्य नजर गर्दै बजेटका उद्देश्य र प्राथमिकता तय गरेको छु ।

**आदरणीय गाउँसभा अध्यक्षज्यू एवम् सदस्यज्यूहरू**

**२०. “: स्वच्छ, शान्त, समृद्ध पर्यटकिय गाउँ मुड्केचुला” भन्ने** मूल ध्येयका साथ बजेटको उद्देश्य देहाय अनुसार उल्लेख गरेको छु:

क. गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षाको प्रत्याभूत गर्ने,

ख. सूचना प्रविधिको उच्चतम उपयोग र संस्थागत सुशासन कायम गर्ने,

ग. दिगो पूर्वाधार निर्माण, सन्तुलित विकास एवम् संरक्षण र सम्वर्द्धन गर्ने,

घ. भाषा, संस्कृति, कला, साहित्यको संरक्षण, प्रर्वद्धन र विकास गर्ने,

CamScanner

ङ. कृषि तथा पशुपंक्षी क्षेत्रको व्यावसायिक विकास एवम् वातावरण संरक्षण र विपद् व्यवस्थापन गर्ने,

च. उद्यमशीलता तथा स्वरोजगारी सिर्जना र युवा तथा खेलकुदको प्रर्वद्धन गर्ने,

छ. बजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रभावकारीता अभिवृद्धि गर्ने ।

**२१. बजेटका प्राथमिकताहरु निम्नअनुसार निर्धारण गरेको छु**

क. गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षा

ख. फलदायी दिगो पूर्वाधार निर्माण तथा सन्तुलित विकास

ग. सूचना प्रविधि र तिनको अधिकतम उपयोग

घ. वन तथा वातावरण संरक्षण, फोहोरमैला तथा विपद व्यवस्थापन

ङ आर्थिक विकास र राजस्व परिचालन

च. पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन

छ. खानेपानी श्रोतको संरक्षण तथा व्यवस्थापन

ज. सार्वजनिक जग्गाको संरक्षण

झ. प्रशासनिक पुनर्संरचना तथा संस्थागत सुशासन

ञ. भाषा, सस्कृति,कला, साहित्यको संरक्षण, प्रवर्द्धन र विकास

ट. उद्यम, स्वरोजगारी र सहकारीताको विकास

ठ युवा शक्ति तथा खेलकुदको प्रवर्द्धन

ड. कृषि तथा पशुपक्षी क्षेत्रको व्यवसायिक विकास, उत्पादकत्वमा अभिवृद्धि, बजारीकरण तथा व्यवसायिकीकरण

ढ. जनसांख्यिक लाभको उच्चतम उपयोग र समावेशीकरण तथा महिला तथा सिमान्तकृत समुदायको मूलप्रवाहीकरण



CamScanner

**आदरणीय गाउँसभा सभाध्यक्षज्यू एवम् सदस्यज्यूहरू**

**बजेटले लिएका उद्देश्य हासिल गर्न देहाय बमोजिमका सुधार प्रस्ताव गरेको छु:**

२२. गाउँको गौरव, बहुवर्षिय र क्रमागत आयोजनालाई प्राथमिकतामा राखी कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२३. आयोजना तथा कार्यक्रम समावेश गरी श्रोत छर्ने प्रवृत्तिमा सुधार गर्न क्षेत्रगत प्राथमिकता भित्र ठूला तथा छिटो प्रतिफल दिने, बहुसंख्यक गाउँवासीले लाभ प्राप्त गर्ने आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिई बजेट विनियोजन गरेको छु ।



CamScanner

२४. आगामी आर्थिक वर्षको बजेट कार्यान्वयन कार्ययोजना साउनको महिनामानै तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । गाउँकार्यपालिका बैठकबाट कार्ययोजना अनुमोदन गरी कार्यान्वयनको नियमित अनुगमन गरिनेछ ।

२५. ठूला आयोजना कार्यान्वयनका लागि पहिलो चौमासिक भित्रै ठेक्का व्यवस्थापन गर्ने प्रक्रिया मिलाइनेछ । आयोजना तथा कार्यक्रम कार्यान्वयनमा ढिलाई गरी आर्थिक वर्षको अन्तिममा कार्यान्वयन गर्ने प्रवृत्तिलाई कडाईका साथ निरुत्साहित गरिनेछ ।

२६. आयोजना कार्यान्वयनमा निर्माण व्यवसायीलाई जिम्मेवार बनाइ ठेक्का सम्झौताको विवरण र कार्य प्रगतिको नियमित अनुगमन गरिनेछ । अनुगमनबाट गम्भीर प्रकृतिको लापरवाही देखिएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यवस्था गरिनेछ ।

२७. उपभोक्ता समितिका पदाधिकारीको क्षमता अभिवृद्धि गरी योजना कार्यान्वयनमा पूर्ण जिम्मेवार बनाईनेछ । उपभोक्ता समितिबाट संचालित योजनाको सम्झौता आर्थिक वर्षको अन्तिममा गर्ने प्रवृत्तिलाई निरुत्साहित गरी ***असोज मसान्त भित्र सम्झौता: बैशाख मसान्त भित्र भुक्तानी***को नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ । तोकिएको समय भित्र फरफारक गर्न सम्भव नभएका आयोजना मात्र आवश्यकता र औचित्यतताका आधारमा मात्र गाउँअध्यक्षबाट म्याद थप गरि आयोजनालाई निरन्तरता दिइनेछ । साथै, स-साना आयोजनालाई अर्को वर्ष जिम्मेवारी सार्ने प्रवृत्तिलाई पूर्ण रुपमा रोक लगाइनेछ ।

३० परियोजना बैकलाई व्यवहारिक रुपमा कार्यान्वयन गरिनेछ । साथै, विकास निर्माणका आयोजनाहरूको गुणस्तरमापन तथा चेकजाँच गर्ने प्रविधियुक्त प्रयोगशाला कार्यान्वयनमा ल्याइनेछ ।



CamScanner

३१. सडक, ढल, खानेपानी, विद्यालय, स्वास्थ्य संस्था लगायत आवश्यक विकास पूर्वाधारको नक्साङ्कन गरी सोको आधारमा बहुसंख्यक गाउँवासी लाभान्वित हुने गरी आयोजनाको छनोट एवम् कार्यान्वयन गरिनेछ ।

३२. गाउँतथा वडा कार्यालयबाट हुने प्रशासनिक खर्च न्यूनीकरण गरी चालु खर्चमा मितव्यीयता कायम गर्ने नीति अवलम्वन गरिनेछ ।

३३. गाउँपालिकाबाट अनिवार्य रुपमा प्रतिनिधित्व गर्नुपर्ने बाहेक अन्य आन्तरिक र बाह्य भम्रण कार्यक्रमलाई निरुत्साहित गरेको छु ।

३४. गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरी सोही अनुसार विद्यमान संरचना र जनशक्ति व्यवस्थापनलाई छरितो बनाइनेछ । स्वीकृत दरबन्दी भन्दा बढी सेवा करार तथा सरुवा गर्न लिन नपाइने व्यवस्था मिलाएको छु ।

३५. ~~[illegible]~~ साना आयोजना तथा कार्यक्रमहरुमा स्रोत छर्ने प्रवृत्ति न्यूनीकरण गर्न आगामी आर्थिक वर्षमा आयोजना तथा कार्यक्रमको औचित्य र आवश्यकताको सघन समीक्षा गरी बजेट प्रणालीमा थप सुधार र पुर्नसंरचना गरिनेछ ।

३६. माथि उल्लेखित नीतिगत र संरचनागत सुधारले बजेट विनियोजनको प्रभावकारीता बढ्ने र गाउँपालिकाको विकास गतिशिल हुने विश्वास लिएको छु ।

## आदरणीय गाउँसभा अध्यक्षज्यू एवम् सदस्यज्यूहरू

गाउँसभाको गरिमामय १६ औं अधिवेशनको [redacted] वैठक समक्ष नेपालको संविधान, २०७२ को धारा २२९ बमोजिम व्यवस्थापन हुने स्थानीय सञ्चित कोषको स्रोत अनुसार आर्थिक वर्ष

२०८३/०८४ को अनुमानित आय रु. ४० करोड ४० लाख ४० हजार ५ सय ४० र सोही बमोजिमको अनुमानित व्ययको विवरण सहित यो सम्मानित गाउँसभा समक्ष बजेट पेश गर्न चाहन्छु ।

अब म, आगामी आर्थिक वर्षको बजेटका मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

## ३७. सामाजिक विकास तर्फ

### क. जनस्वास्थ्य

गाउँवासीको स्वास्थ्य र समृद्ध जीवनशैलीलाई सुनिश्चित गर्ने लक्ष्यसहित गाउँपालिकाले विगत देखिनै निरन्तर रुपमा

जनस्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिँदै आएको छ । आगामी आर्थिक वर्षमा गाउँभित्र स्वास्थ्य पूर्वाधारको सुदृढीकरण, गुणस्तरीय सेवा प्रवाह र जनस्वास्थ्य सम्बन्धी चेतनामूलक कार्यक्रमलाई अझ सशक्त बनाउने उद्देश्य लिइएको छ । जसको लागि प्रसुती पोषण भत्ता स्वास्थ्य सम्बन्धि विभिन्न तालिम, अध्ययन, अनुसन्धान,पुनर्ताजगी कार्यक्रम,

जेष्ठ नागरिक स्वास्थ्य प्रबर्धन कार्यक्रम, महिला स्वास्थ्य स्वयंसेविकालाई खर्च, स्वास्थ्य परामर्श खर्च, जलन सम्बन्धि जन-चेतना कार्यक्रम, खोप तथा स्वास्थ्य सामग्री ढुवानी तथा खोप कार्यकर्तालाई उत्प्रेरणा भत्ता, नागरिक आरोग्य केन्द्र सबलिकरण तथा आयुर्वेद तथा बैकल्पिक चिकित्सा सम्बन्धी जनचेतानात्मक कार्यक्रम, स्वास्थ्य संस्थाहरुको लागि औषधि तथा स्वास्थ्य उपकरण खरिद, पेशागत स्वास्थ्य प्रबर्धन तथा सचेतना कार्यक्रम, किशोर किशोरी, नब-विवाहित दम्पतिहरु एवं युवा युवतीहरुलाई प्रजनन स्वास्थ्य, यौनिक शिक्षा तथा

स्वास्थ्य प्रवाह सम्बन्धी जन-चेतना अभिबृधि कार्यक्रम , स्वास्थ्य सम्बन्धि सूचना निर्माण, प्रकाशन र प्रसारण, मनोसामाजिक स्वास्थ्य प्रवर्धन कार्यक्रम, बिधालय अन्तर्गतका बालवालिकाको स्वास्थ्य परिक्षण तथा बिधालय स्वास्थ्य शिक्षा प्रबर्धन कार्यक्रम, लागु औषध रोकथाम, नियन्त्रण तथा सचेतना कार्यक्रम, क्षयरोग मुक्त नेपाल अभियान तथा कुष्ठरोग प्रभावितहरुका लागि स्वास्थ्य प्रबर्धन कार्यक्रम, सुरक्षित मातृत्व कार्यक्रम, बर्थिंग सेन्टर सुधार कार्यक्रम, नसर्ने रोग सम्बन्धि निदानात्मक,पूर्व परिक्षण,स्वस्थ्य मुटु तथा महिलाहरुको प्रजनन रुग्नता सम्बन्धि शिबिरहरु, जैविक प्रतिरोधात्मक सम्बन्धी सचेतना कार्यक्रम संचालन, नि:शुल्क रक्त व्यबस्थापन खर्च, मोति बिन्दुको पूर्व परिक्षण तथा नि:शुल्क शल्यक्रिया , परिवार योजना कार्यक्रम तथा लामो अबधिको परिवार योजना सेवा कार्यक्रम संचालन, स्वास्थ्यकर खाध्य पदार्थ खरिद तथा बिक्रि वितरण नीतिको कार्यान्वयन, खाद्य गुणस्तर तथा खानेपानी

नमुना परिक्षण, अनुगमन लगायतका कार्यक्रम संचालन गर्न रु. २ करोड ५४ लाख ९८ हजार विनियोजन गरेको छु ।

### ख. शिक्षा

सार्वजनिक शिक्षाको गुणस्तरमा सुधार गरी विद्यार्थी र अभिभावकको पहिलो रोजाइको विद्यालयका रुपमा सामुदायिक विद्यालयहरुको विकास गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिलाई केन्द्रमा राखी शैक्षिक उन्नयन वर्षका कार्यक्रमलाई निरन्तरता दिदै बाल विकासका सहजकर्ताको थप प्रोत्साहन, विद्यालय कर्मचारी लेखा तथा सहयोगी व्यवस्थापन, आधारभूत तहमा अंग्रेजी शिक्षक, निम्न माद्यमिक तहमा विषयगत शिक्षक र माध्यमिक तहमा विषयगत शिक्षकको व्यवस्थापन, प्रधानाध्यापक कार्य सम्पादन करार कार्यान्वयन, प्रारम्भिक बालबिकास र पुस्तकालय तथा बुक कर्नर, विद्यार्थी वृति परामर्श, विद्यालय मर्मत संभार, विद्यालयमा पिउनेपानी

व्यवस्थापन, अन्तरपालिका शैक्षिक साझेदारी कार्यक्रम, शिक्षा र सीप दिन कार्यक्रम, विद्यालय आकस्मिक व्यवस्थापन, विद्यालयमा दिवा खाजा कार्यक्रम, शैक्षिक रुपान्तरण कार्यक्रम, हाम्रो मुड्केचुलाँ स्थानीय पाठ्यपुस्तक छपाई र वितरण, गाउँस्तरीय परीक्षा व्यवस्थापन, राष्ट्रपति रनिङ शिल्ड आयोजना, शिक्षक तालिम, विद्यालय तहमा अतिरिक्त क्रियाकलाप आयोजना तयारी तथा व्यवस्थापन, सामुदायिक सिकाइ केन्द्र सञ्चालन, गाउँपुस्तकालय व्यवस्थापन, शैक्षिक क्यालेण्डर निर्माण र कार्यान्वयन, शिक्षण सिकाइको प्राविधिक परीक्षण, बैकल्पिक शिक्षा र सिकाइ कार्यक्रम, SEE मा उत्कृष्ट जिपिए ल्याउने विद्यालय तथा विद्यार्थीलाई प्रोत्साहन, आधारभूत तहमा खेलकुद प्रतियोगिता आयोजना, शिक्षामा गुणस्तर वृद्धिका लागि शैक्षिक अनुसन्धान प्रबर्तन, शिक्षामा सुधारका लागि स्थानीय संघसंस्थासँग साझेदारी कार्यक्रम, प्राविधिक शिक्षाका लागि छात्रवृत्ति र साझेदारी कार्यक्रम,

अभिभावक शिक्षा वृत्ति कार्यक्रम, सामुदायकि विद्यालयका शिक्षकलाई खाजा कार्यक्रम, प्रधानाध्यापकहरुलाई अतिरिक्त भत्ता, विद्यालय अभिभावक सचेतना कार्यक्रम लगायतका कार्यक्रम संचालन गर्न गाउँको समग्र शिक्षा क्षेत्रमा रु. १० करोड ५६ लाख विनियोजन गरेको छु ।

### ग. युवा तथा खेलकुद

युवा पुस्ता राष्ट्र निर्माणका लागि अपरिहार्य शक्ति हो । तिनको सिर्जनशीलता, क्षमताको विकास तथा सकारात्मक सशक्तिकरणका लागि मुड्केचुला गाउँपालिकाले विभिन्न कार्यक्रमहरू गर्दै आएको छ । साथै, खेलकुद क्षेत्रले युवालाई अनुशासन, सहकार्य र नेतृत्व क्षमताको विकासमा योगदान दिने भएकाले यस क्षेत्रलाई प्राथमिकतामा राखेको छु । विभिन्न प्रतियोगितमा सहभागी हुन जाने खेलाडीका लागि प्रोत्साहन



CamScanner

सहयोग, गाउँपालिका स्तरमा खेलकुद प्रतियोगिता आयोजना गर्ने क्लबहरुसँग साझेदारी, अध्यक्ष कपको आयोजना, खेलाडी सम्मान लगायतका कार्यक्रमको लागि समग्रमा गाउँको खेलकुद विकासका लागि ५० लाख रकम विनियोजन गरेको छ ।

**घ.जनसंख्या तथा सामाजिक समावेशीकरण/संघ संस्था समन्वय/पञ्जिकरण**

जनसंख्याको विविधता र सामाजिक समावेशीकरण स्थानीय विकासको आधार हो भन्ने मान्यता अनुरूप यस गाउँपालिकाले सबै समुदायको समान सहभागिता सुनिश्चित गर्न विविध कार्यक्रमहरू संचालन गर्दै आएको छ । गाउँक्षेत्रमा रहेका महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, सीमान्तकृत र पिछडिएको वर्गको पहिचान, सहभागिता र

सशक्तीकरणमा विशेष ध्यान दिइनेछ । यसका लागि समावेशीकरणका क्षेत्रमा लैङ्गिक समानता प्रवर्द्धन, बाल अधिकार, ज्येष्ठ नागरिकका अधिकार तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि मैत्रीपूर्ण पूर्वाधार तथा सेवा प्रवाहको सुनिश्चितताका कार्यक्रमहरू संचालन गरिनेछ । यसको लागि समाजिक समावेशीकरण तथा सशक्तीकरण कार्यक्रम अर्न्तगत १४ लाख रकम विनियोजन गरेको छु ।

गाउँक्षेत्र भित्र कार्यरत **गैर सरकारी संघ संस्थाहरुको** प्रभावकारी नियमन गरी गाउँको विकास र सम्बृद्धिमा सहकार्यमुलक वातावरण तयार गर्न संघ संस्था समन्वय, सहकार्य ( अन्तरक्रिया, समीक्षा), संघ संस्था अनुगमन मुल्यांकन, टोल विकास संस्थाको क्षमता अभिवृद्धि लगायतका कार्यक्रम संचालन गर्न रु. ५ लाख विनियोजन गरेको छु ।

**सामाजिक सुरक्षा कार्यक्रमलाई** प्रभावकारी वनाउन व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी ऐन

नियम तथा दर्ता प्रणाली बारे कर्मचारीहरुलाई तालिम, सामाजिक सुरक्षा भत्ता नवीकरण सम्वन्धी अभिमुखीकरण तथा घुम्ती शिविर, व्यक्तिगत घटना दर्ता दिवस/सप्ताह कार्यक्रम, बैठक, अन्तरक्रिया तथा समीक्षा लगायतका कार्यक्रम संचालन गर्न रकम ५लाख विनियोजन गरेको छु ।

## ङ. भाषा तथा संस्कृति

हाम्रो गाउँपालिका बहुजातीय, बहुभाषिक, वहुसांस्कृतिक विशेषता बोकेको गाउँ हो। गाउँक्षेत्रभित्र बसोबास गर्ने विभिन्न समुदायहरूको मौलिक भाषा, धर्म, परम्परा, संस्कार, कला, लिपि, पोशाक, पर्व तथा जीवनशैलीहरू हाम्रो साझा सम्पदा हुन्। यी बहुमूल्य सम्पदाको संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण गर्नु वर्तमान पुस्ताको ऐतिहासिक जिम्मेवारी हो भन्ने दृढ विश्वासका साथ यस गाउँपालिकाले भाषा तथा संस्कृति सम्वर्द्धनसम्बन्धी कार्यक्रमहरूलाई प्राथमिकता दिएको छ। त्यस्तै, गाउँपालिका क्षेत्रभित्र रहेका सांस्कृतिक सम्पदाहरूको

संरक्षण एवं पुनर्निर्माण, धार्मिक पर्यटकीय सम्भावना बोकेका स्थलहरूको पूर्वाधार विकास तथा प्रवर्द्धन, गाउँको सांस्कृतिक पहिचान उजागर गर्ने कार्यक्रमहरूलाई समेत प्राथमिकतामा राखेको छ। जसको लागि प्रतिभा मुड्केचुर्लो, खैजडी भजन संरक्षण तथा प्रवर्द्धन, मुड्केचुर्लोको ऐतिहाँसिक, साँस्कृतिक सम्पदाको अन्वेषण तथा अनुसन्धान सम्मान कार्यक्रम, अन्तरपालिका सांस्कृतिक सहकार्य, भाषा, साहित्य, कला, सँस्कृति सम्मेलन कार्यक्रम गोष्ठी महोत्सव, भाषा, साहित्य, कला, संस्कृति सम्मान पुरस्कार तथा स्थानीय जात्रा धर्म पर्व परम्परागत तथा मौलिक सँस्कृति चाँडपर्व सम्बर्द्धनमार्फत सामाजिक समावेशिता, पहिचानको संरक्षण र समृद्ध समुदायको निर्माणमा टेवा पुऱ्याउने लक्ष्यका साथ रु. २० लाख विनियोजन गरेको छ।

## ३७. आर्थिक विकास तर्फ

### क. कृषि

आर्थिक वर्षको नीति तथा कार्यक्रमले कृषि क्षेत्रलाई प्राथमिकता दिएको छ । जसको लागि कृषकहरूको आयवृद्धि, उत्पादन तथा उत्पादकत्व अभिवृद्धि, नवप्रविधिको विस्तार, र खाद्य सुरक्षाको प्रत्याभूति गर्ने उद्देश्यले कृषि क्षेत्रलाई आधुनिकीकरण,व्यवसायिक मौरी पालन, साना सिंचाइ प्रवर्द्धन, किसान सूचिकरण कार्यक्रम, कृषि विकास कार्यक्रम, कृषि पकेट कार्यक्रम, व्यवसायीक खेतिको प्रर्वद्धन मार्फत कृषि क्षेत्रको विकासको लागि समग्रमा कृषि क्षेत्रमा ३० लाख विनियोजन गरेको छ ।

## ख पशुपंक्षी

मुड्केचुलाँ गाउँपालिकाले पशुपालन र पशु सेवाको विकासलाई प्राथमिकता दिदै आएको छ । यस क्षेत्रको समृद्धि र दिगोपन सुनिश्चित गर्न पशु कल्याण, स्वास्थ्य सेवा, उत्पादन वृद्धि, तथा जनशक्तिको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले वार्षिक बजेट विनियोजन गरिएको छ । पशु स्वास्थ्य सुधार, रोग नियन्त्रण, पशु उत्पादन वृद्धि, कृषकलाई सिपमूलक तालिम प्रदान, पशुपक्षि महामारी रोग नियन्त्रण, बाख्रा प्रवर्द्धन कार्यक्रम तथा पशु कल्याण कार्यक्रम संचालन गरी स्थानीय आर्थिक विकास र जीविकोपार्जनमा योगदान पुऱ्याउने अभिप्रायले पशुपंक्षी क्षेत्रमा रु. १५ लाख विनियोजन गरेको छु ।

## ग. सहकारी

सहकारी क्षेत्र समुदायको आर्थिक, सामाजिक विकासको सशक्त माध्यमको रूपमा रहेको छ । जसले गर्दा सहकारी संस्थाहरूले सदस्यहरूको आर्थिक सशक्तिकरण र समावेशी विकासमा

महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् । सहकारी संस्थाहरूलाई सक्षम बनाउँदै आर्थिक समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्दै सदस्यहरूको जीवनस्तर सुधार गर्ने हाम्रो लक्ष्य हो जसको लागि सहकारी संस्थाहरूमा पारदर्शिता र जवाफदेहिता बढाउन प्रभावकारी अनुगमन प्रणाली लागू गरिनेछ । साथै, महिला, युवा तथा विभिन्न सामाजिक समूहहरूको सहकारी क्षेत्रमा सहभागिता अभिवृद्धि गरिनेछ । जसको लागि सहकारी क्षेत्रलाई अझ सशक्त बनाउन अभिप्रायले सहकारी क्षेत्रमा रु. २ लाख विनियोजन गरेको छु ।

### घ. उद्योग तथा पर्यटन

उद्योग तथा पर्यटन क्षेत्र गाउँको आर्थिक समृद्धिको मेरुदण्ड हो भन्ने मान्यता अनुरूप आगमी आर्थिक वर्षमा मुड्केचुलाँ गाउँपालिकाले दिगो, समावेशी तथा स्थानीय उत्पादनमा आधारित औद्योगिक विकास र पर्यटकीय पूर्वाधारको समुचित विकासलाई प्राथमिकता दिने नीति अवलम्बन गरेको छ ।

गाउँक्षेत्रभित्रका मौलिक, सांस्कृतिक, प्राकृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण र प्रवर्द्धन गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने रणनीतिअनुसार गाउँपालिकाले आगामी वर्ष परामर्श सम्बन्धी कार्यक्रम, औद्योगिक, व्यापारिक तथ्याङ्क, व्यवस्थापन प्रणाली सम्बन्धि वडास्तरका कर्मचारीलाई प्रशिक्षण लगायतका कार्यक्रम, सीप मेला सञ्चालन तथा व्यवस्थापन, उद्योग व्यवसाय समन्वय, अनुगमन मूल्यांकन, ~~विविध~~, उद्योग व्यवसायीलाई व्यावसायीक सीप तथा वजारीकरण सम्बन्धी तालिम, पर्यटन प्रचार प्रसार तथा प्रवर्द्धन सामाग्री छपाई ~~विविध~~, पर्यटन प्रवर्द्धनका लागि अन्य संघ संस्थासँग समन्वय तथा सहकार्य मार्फत ***पर्यटन प्रवर्द्धन गर्न*** रु. ७ लाख विनियोजन गरेको छु।

## च. श्रम तथा रोजगार सेवा

मुड्केचुलो गाउँपालिकाले समावेशी र दिगो आर्थिक विकासको लक्ष्यलाई आत्मसात् गर्दै स्थानीय तहमा रोजगारीको अवसर सृजना गरी श्रमशक्ति परिचालन गर्ने, युवा तथा महिला लक्षित सीप विकास कार्यक्रमहरूलाई प्रवर्द्धन गर्ने नीति अनुरूप रोजगार सेवा केन्द्रको सुदृढीकरणलाई विशेष प्राथमिकता दिदै आएको छ । गाउँको समृद्धिका लागि दक्ष जनशक्ति अपरिहार्य भएकाले रोजगार सेवा केन्द्रलाई गाउँक्षेत्रका बेरोजगार युवा, महिला, विपन्न तथा सीमान्तकृत समुदायका सदस्यहरूको क्षमता अभिवृद्धि,

तालिम, स्वरोजगार तथा रोजगारी सञ्जालमा पहुँच सुनिश्चित गर्ने प्लेटफर्मको रूपमा विकास गरिनेछ । यस सन्दर्भमा केन्द्रमार्फत व्यवसायिक तथा प्रविधिमैत्री तालिम कार्यक्रमहरू सञ्चालन गरि रोजगार सेवा केन्द्रलाई प्रविधिसम्पन्न बनाउँदै विभिन्न रोजगारदातासँग सञ्जाल विस्तार गरी केन्द्रमार्फत श्रमिक दर्ता, रोजगार मार्गदर्शन, तालिमको मूल्याङ्कन तथा अनुगमन प्रणालीको विकास गर्न रु. १७ लाख रुपयाँ विनियोजन गरेको छु ।

## ३६. भौतिक पूर्वाधार तर्फ

गाउँको गौरव आयोजनाहरूले मुड्केचुलाँ गाउँपालिकाको दीर्घकालीन विकासलाई मूर्तरूप दिन योगदान पुऱ्याउने विश्वास लिएको छु । गाउँपालिकाले पूर्वाधार विकास, खानेपानी

व्यवस्थापन, वातावरण संरक्षण, तथा स्थानीय रोजगारी सृजना एवं युवा जनशक्तिको परिचालनमा केन्द्रित परियोजनाहरूलाई गौरव आयोजनाको रुपमा समावेश गरेको छ । यी आयोजनाहरूले समग्र मुड्केचुलालाई आधुनिक तथा समुन्नत गाउँको रूपमा विकास गर्न दिशानिर्देश गर्नेछ भन्ने विश्वास लिएको छ । गौरवमय परियोजनाहरूको प्रभावकारी कार्यान्वयनका लागि भौतिक पूर्वाधार तर्फ जम्मा रु. १२ करोड १४ लाखरुपैया बजेट विनियोजन गरेको छु । साथै विगत आर्थिक वर्षमा भुक्तानी बाँकि रहेका आयोजनाको बाँकी रकम भुक्तानी गर्न तथा नयाँ आर्थिक वर्षमा विभिन्न आयोजनाहरुमा म्याचिङ्ग वापत रकम लगानी सुनिश्चित गर्न रु २ करोड विनियोजन गरेको छु ।

# खानेपानी र सरसफाई

**खानेपानीको** सुनिश्चितता सहित स्वच्छ र स्वस्थ्य खानेपानी प्रत्येक घरमा पुर्याउन, खानेपानी व्यवस्थापन सम्बन्धी आयोजना कार्यान्वयन गर्न, फोहोर मैला व्यवस्थापन, सिपमुलक तालिम, सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, खानेपानी, सिँचाई लगायतका जलश्रोतसंग सम्बन्धित योजनाहरुको संचालन गर्न,

महामारी र पानि जन्य रोगहरुबाट बच्न वडा तथा समुदाय स्तरमा पूर्ण सरसफाइ अभियान संचालन गर्नको लागि रु रु. १ करोड २३ लाख विनियोजन गरेको छु ।

## ३८. सुशासन तथा संस्थागत विकासतर्फ

### क. प्रशासनिक कार्यसंचालन

मुड्केचुलो गाउँपालिकाको समग्र प्रशासनिक कार्यसञ्चालनलाई थप प्रभावकारी, पारदर्शी र जनमुखी बनाउने उद्देश्यले आगामी आर्थिक वर्षमा आधुनिक सूचना प्रविधिको प्रयोग, दक्ष जनशक्ति व्यवस्थापन, सेवा प्रवाहमा सरलता र कार्यपद्धतिको संस्थागत सुधारमा विशेष जोड दिइनेछ । सुव्यवस्थित कार्यालय सञ्चालन, कर्मचारी क्षमता विकास, नागरिक बडापत्रको प्रभावकारी कार्यान्वयन, अनलाइन सेवा प्रवाह मार्फत सेवाग्राहीलाई छिटो, सुलभ र जवाफदेही सेवा प्रदान गर्न आवश्यक व्यवस्था गरिनेछ।

यस्तै, गाउँपालिकाको आन्तरिक कार्यसम्पादनमा समन्वय, अनुगमन र मूल्यांकन प्रणालीलाई अझ सशक्त बनाउँदै प्रशासनिक प्रक्रियामा पारदर्शिता कायम राख्ने तथा नागरिक सन्तुष्टि बढाउने कार्यलाई प्राथमिकतामा राखिनेछ । गाउँको संस्थागत सुशासन तथा सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गरी प्रशासनिक कार्य संचालनको लागि गाउँस्तरीय

चालु खर्च अन्तर्गत कर्मचारीको पारिश्रमिक, पदाधिकारीको सुविधा, मसलन्द तथा कार्यालय सामाग्री, विविध खर्च, इन्धन खर्च लगायत कार्यालय संचालन तथा व्यवस्थापन गरि समग्रमा गाउँपालिकाको प्रशासनिक कार्यसंचालनका लागि रु. ६ करोड विनियोजन गरेको छु । यसै गरि गाउँपालिकाका विभिन्न शाखागत कार्यक्रमको लागि रु १ करोड विनियोजन गरेको छु ।

## ३९. न्यायिक समिति

न्यायिक कार्यसम्पादनलाई विश्वसनीय, प्रभावकारी र जवाफदेही बनाई छिटोछरितो एंव प्रविधिमैत्री बनाउनको लागि नागरिकसँग न्यायिक समिति, वडा मेलमिलाप केन्द्रको व्यवस्थापन, गाउँमेलमिलाप केन्द्र व्यवस्थापन, सूचना प्रविधिमैत्री न्यायिक समिति व्यवस्थापन, न्यायिक समिति तथा मेलमिलापसम्बन्धी कानूनी सचेतना लगायतका कार्यक्रम संचालन गर्न रु १० लाख विनियोजन गरेको छु ।

४१. वडा कार्यालय

मुड्केचुलाँ गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमा गर्दा हामीले समावेशी तथा उत्तरदायी स्थानीय शासन प्रणालीको सुदृढीकरणलाई प्राथमिकतामा राखेका छौं । यसै सन्दर्भमा, गाउँपालिकाका सम्पूर्ण वडा कार्यालयहरूलाई सशक्त, दक्ष, सेवा-मुखी तथा नागरिकमैत्री बनाउने उद्देश्यका साथ विभिन्न कार्यक्रमहरू तर्जुमा गरिएको छ ।

वडा कार्यालयहरूनै स्थानीय सरकारको पहिलो तहका रूपमा नागरिकहरूसँग प्रत्यक्ष सेवा सम्पर्कमा रहने निकाय हुन् । तसर्थ, ती वडा कार्यालयहरूलाई प्रशासनिक सुदृढीकरण, भौतिक पूर्वाधार विस्तार, सूचना प्रविधिको प्रयोग, सेवा प्रवाहमा पारदर्शिता, तथा कर्मचारी क्षमता अभिवृद्धि जस्ता आयाममा व्यापक सुधार ल्याउनुपर्ने आवश्यकता महसुस गरेको छ । आगामी आर्थिक वर्षको बजेटमा प्रत्येक वडा कार्यालयका

लागि न्यूनतम पूर्वाधार विकास नयाँ वडा भवनको निर्माण एंव स्तरोन्नति, सेवा केन्द्रको आधुनिकीकरण, अनलाइन सेवा प्रवाह प्रणालीको स्थापनाजस्ता कार्यहरू अघि बढाइनेछ । साथै, वडास्तरीय योजनाहरूको छनोट, कार्यान्वयन र अनुगमनमा नागरिक सहभागिता सुनिश्चित गर्दै सुशासन प्रवर्द्धन गरी समग्र वडाको सामाजिक, आर्थिक विकासको लागि श्रोत अनुमान समितिको बैठकले गरेको निर्णय एंव आयोजना तथा कार्यक्रम छनोट मार्ग दर्शन बमोजिम वडा कार्यालय तर्फ ४५ लाख रकम  विनियोजन गरेको छु ।



CamScanner

## आदरणीय गाउँसभा अध्यक्षज्यू एवम् सदस्यज्यूहरू

त्यसैगरी आगामी आर्थिक वर्षको २०८३/ ०८४ को अनुमानित आय र व्यय अनुसूची १  बमोजिम स्वीकृतिको लागि यस सम्मानित सभामा पेश गरेको छु ।

मुड्केचुलो गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट, कार्यक्रम तथा नीति दस्तावेजले गाउँवासीहरूका

आकांक्षा, आवश्यकता तथा समृद्धिको दिशामा स्पष्ट मार्गचित्र प्रस्तुत गर्ने विश्वास लिएको छु । हामीले समावेशी विकास, सुशासन, सेवा प्रवाहको प्रभावकारिता, वातावरणीय सन्तुलन, र सामाजिक न्यायलाई मुख्य आधार बनाउँदै आगमी आर्थिक वर्षको लागि बजेट तयार गरेका छौं ।

आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम कार्यान्वयनबाट शिक्षा, स्वास्थ्य जस्ता सामाजिक क्षेत्रमा लगानी अभिवृद्धि भई आर्थिक तथा सामाजिक क्रियाकलाप गतिशिल हुने, गुणस्तरिय शिक्षा तथा आधारभुत स्वास्थ्य सेवामा पहुँच वृद्धि हुने, भौतिक पूर्वाधार, कृषि, पशुपंक्षी, पर्यटन, उद्योग, सूचना प्रविधि, सहकारी क्षेत्रमा थप रोजगारीका अवसर सृजना हुने अपेक्षा लिएको छु ।

बजेट तर्जुमा गर्ने क्रममा मलाई मार्गदर्शन गर्नुहुने गाउँपालिका अध्यक्ष, विषयगत समितिका संयोजक, जनप्रतिनिधिप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । बजेट तर्जुमा प्रक्रियामा आ–आफनो तर्फबाट



CamScanner

रचनात्मक सुझाव दिनुहुने राजनीतिक दल, संघ तथा प्रदेश सभाका माननीय सदस्यज्यूहरु, निजी तथा सहकारी क्षेत्र, राष्ट्रसेवक कर्मचारी, सामाजिक संघसंस्था, सञ्चार जगत र आम मुड्केचुलावासीहरुमा हार्दिक आभार प्रकट गर्दछु ।

आर्थिक तथा सामाजिक विकास मार्फत गाउँको सम्वृद्धि हासिल गर्ने तथा सुशासन र सामाजिक न्याय प्रत्याभूत गर्दै **समृद्ध मुड्केचुला"** निर्माण गर्ने ध्येयका साथ प्रस्तुत गरिएको यस बजेटको कार्यान्वयनमा सम्बद्ध सबै पक्षबाट सृजनात्मक र रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

अन्तमा हामी सबैको साझा प्रयास, समर्पण र प्रतिबद्धताबाट मात्र समृद्ध, शान्तिपूर्ण र सुशासनमा आधारित मुड्केचुला निर्माण सम्भव हुने भएकोले प्रस्तुत बजेट तथा कार्यक्रमको सफल कार्यान्वयन एवम अनुगमन तथा मूल्यांकनबाट मात्र **समृद्ध *मुड्केचुला*** निर्माण गर्ने गाउँको दिर्घकालिन सोचलाई साकार पार्न सकिन्छ । बजेट कार्यान्वयनको अभियानमा सक्रिय

सहभागिता एवम् सार्थक सहयोगका लागि सम्बद्ध सबै सरोकार पक्षलाई आह्वान गर्दछु। **धन्यवाद्**